सैनामैना नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७३

मिति २०८१/०९/०५ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु

## निर्णय नं. १

सैनामैना नगरपालिकामा यस अघि भए गरेका निर्णय कार्यान्वयन सम्बन्धमा वडागत रुपमा छलफल गरी समीक्षा गरियो ।

## निर्णय नं. २

सैनामैना नगरपालिका मातहतका विषयगत शाखा तथा वडा कार्यालयहरुको सेवा प्रवाह सम्बन्धमाः छलफल गरियो र सेवा प्रवाहलाई प्रविधिमैत्री चुस्त दुरुस्त र थप प्रभावकारी बनाउन सबैले आ-आफ्नो कार्य जिम्मेवारीलाई पूर्ण रुपमा बहन गर्ने र कार्य गर्दा समस्या परेमा नगरपालिका सँग समन्वय गरी अघि बढ्ने निर्णय गरियो ।साथै कार्यालयको दैनिक सेवा प्रवाहलाई असर नपार्ने गरी कर्मचारीको विदा स्वीकृत गर्न प्रमुख प्रशासकीय अधिकारीलाई सुझाव दिने निर्णय गरियो ।

## निर्णय नं. ३

सालझण्डी स्वास्थ्य चौकी भवन निर्माणको लागि जग्गा प्राप्त भइसकेको र संघीय सरकारवाट हस्तान्तरित कार्यक्रम अन्तर्गत रु ६३,००,०००। विनियोजन भएकोमा रु ७८,६०,६२२।४२ को लागत अनुमान तयार भएकोले नपुग रकम रु १५६०६२२।४२ नगरपालिकाको समपुरक कोषवाट श्रोत सुनिश्चितता हुने गरी भवन निर्माण कार्य अगाडि बढाउने निर्णय गरियो ।

## निर्णय नं. ४

सैनामैना नगरपालिका वडा नं. १ पर्रोहामा पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी कार्यक्रम तर्फ बोलबम क्षेत्र विकास परियोजना निर्माणको लागि यस नगरपालिकाको ३५ प्रतिशत र नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको ६५ प्रतिशत लागत साझेदारीमा निर्माण गर्ने गरी ठेक्का बन्दोवस्त भइ मिति २०८०/०७/३० मा कार्य सम्पन्न समेत भएको र नगरपालिकाको तर्फबाट ३५ प्रतिशतले हुने सबै रकम भुक्तानी भइसकेको हुँदा नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट व्यहोर्नु पर्ने ६५ प्रतिशत रकम मध्ये रु ९२,०६,८७३।०० रकम निकाशाको लागि पटक पटक अनुरोध गरिएकोमा हाल सम्म निकाशा नभएकोले उक्त रकम निकाशाको लागि पूनः नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सँग अनुरोध गर्ने निर्णय गरियो ।

नि. प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख